गण्डकी प्रदेश सरकार

सामाजिक विकास,युवा तथा खेलकुद मन्त्रालय

# सामाजिक विकास कार्यालय

दमौली, तनहुँ

प.स. २०८१/०८२ ☎ ०६५-५९०४२२

च नं ५२६

मितिः २०८२/०२/०८

**विषयः सहभागी छनौट सम्वन्धमा।**

श्री स्थानीय तहहरु,
शिक्षा, युवा तथा खेलकुद शाखा (१० वटै) तनहुँ।

प्रस्तुत विषयमा कक्षा ११-१२ तथा स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरुलाई विभिन्न ICT सिप र प्रविधि सम्बन्धी ज्ञान प्रदान गर्ने र डिजिटल क्षेत्रमा आफ्नो प्राविधिक सिपलाई सुधार गर्न चाहनेहरूको लागि उत्प्रेरणा प्रदान गर्ने उद्देश्यले सञ्चालन हुने यस कार्यालयको आ. व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम **ICT Boot Camp** मा सहभागी हुनका लागि तहाँ स्थानीय तह अन्तर्गतका विद्यालय/क्याम्पसमा अध्ययनरत ३ (तीन) जना सहभागी विद्यार्थी मिति २०८१।०२।१२ गतेसम्म छनौट गरी निम्न बमोजिमको ढाँचामा इमेल ठेगाना tanahunsdo2078@gmail.com मा पठाइ दिनु हुन अनुरोध छ।

यस कार्यक्रममा सहभागीहरूलाई विभिन्न ICT सिप र प्रविधि सम्बन्धी ज्ञान प्रदान गरिन्छ, जसमा प्रोग्रामिङ, नेटवर्किङ, वेब विकास, साइबर सुरक्षा, तथ्याङ्क विश्लेषण, AI जस्ता विविध विषयहरू समेटिन्छन्। यस Camp मा सहभागीहरूले सैद्धान्तिक र व्यावहारिक दुवै ज्ञान सिक्ने मौका पाउनुका साथै काम गरेर आफ्नो सिपलाई सुधार गर्न सक्ने छन्। यो कार्यक्रम मुख्य रूपमा डिजिटल तथा सूचना प्रविधि क्षेत्रमा काम गर्न चाहनेहरू वा आफ्नो (ICT) सूचना प्रविधि सम्बन्धी सिपलाई सुधार गर्न चाहनेहरूको लागि लक्षित हुनेछ।

| क्र स | विद्यार्थीको नाम | ठेगाना | अध्ययनरत विद्यालय/क्याम्पस | अध्ययनरत कक्षा | सम्पर्क न. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |

**निम्न**

क .साधारण र प्राविधिक धार दुवै खालका विद्यार्थीहरु सहभागी हुने गरी क्याम्पमा सहभागी हुन इच्छुक विद्यार्थीहरुको विवरण विद्यालयबाट माग गर्नु हुन।

ख. विद्यार्थी छनौट गर्दा सम्भव भएसम्म छात्र छात्रा अनुपात बराबर हुने गरी छनौट गर्नु हुन।

ग. सहभागी हुने विद्यार्थीले आफूले प्रयोग गर्ने ल्यापटपको व्यवस्था स्वयमंले गर्नु पर्ने।

घ. कार्यक्रम १० दिनसम्म आवासीय रुपमा सञ्चालन हुने छ।

ङ. सहभागीहरुका लागि आतेजाते खर्च, खाना, खाजा र आवासको व्यवस्था यस कार्यालयबाट हुने छ।

- क्याम्प सञ्चालन हुने मितिः २०८२।०२।१६ गतेदेखि २०८२।०२।२५ सम्म
- स्थानः बन्दिपुर, तनहुँ।

च. सहभागी हुने विद्यार्थीको यसैसाथ संलग्न व्यक्तिगत विवरण सहितको निवेदन समेत संलग्न गरी पठाई दिनु हुन।

छ. सम्पर्क व्यक्तिः भानुभक्त थापा मगर, मो नं ९८४५२५९१२९

(बिदुरहरि आचार्य)
कार्यालय प्रमुख

मितिः

## विषयः सहभागी हुन पाउँ ।

श्री सामाजिक विकास कार्यालय
तनहुँ ।

प्रस्तुत विषयमा म त्यस कार्यालयले सञ्चालन गर्ने ICT Boot Camp मा १० (दश) दिनसम्म नियमित रुपमा सहभागी हुन ईच्छुक भएकोले छनौट गरिदिनुहुन अनुरोध गर्दछु ।

**व्यक्तिगत विवरणः**

क.नाम थरः

Name in English(Block letter):

ख.हाल अध्ययन गरिरहेको कक्षाः

ग.स्थायी ठेगानाः

घ. हालको ठेगानाः

ङ. सम्पर्क नम्वरः

च.इमेलः

छ.उमेरः

हस्ताक्षरः..........................

| | |
|---|---|
| कार्यक्रममा सहभागी गराउन मञ्जुर गर्ने अभिभावकको<br>नाम थरः<br>हस्ताक्षरः<br>मितिः | विवरण प्रमाणित गर्ने प्रधानाध्यापकको<br>नाम थरः<br>हस्ताक्षरः<br>मितिः |